नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः३** **संख्याः ६०** **मितिः २०८१।१२।२९**

भाग — २

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१

कार्यपालिकाबाट पारित मितिः २०८१।१२।२४
प्रमाणीकरण मितिः २०८१।१२।२४
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८१।१२।२९

**प्रस्तावनाः**

सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न, पालिकाभित्रका विद्यालयहरुमा एकरुपता कायम गर्न, विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन, सरोकारवालाहरुलाई जिम्मेवार र जवाफदेही बनाइ नौगाड गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिमा वृद्धि गर्न बाञ्छनीय भएकोले नौगाड गाउँपालिका शिक्षा ऐन, २०७९ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नौगाड गाउँकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम "**नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१**" रहेको छ।

ख) यो निर्देशिका नौगाड गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

ग) यो निर्देशिका गाउँकार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बालबिकास शिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ख) **"माध्यमिक तह"** भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ग) **"विद्यालय शिक्षा"** भन्नाले प्रारम्भिक बालबिकास शिक्षा देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

घ) **"गाउँपालिका"** भन्नाले दार्चुला जिल्लाको नौगाड गाउँपालिका सम्झनुपर्छ ।

ङ) **"गाउँ कार्यपालिका"** भन्नाले नौगाड गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

च) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र नौगाड गाउँपालिकावाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

छ) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ज) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनाइएको व्यक्ति सम्झनु पर्दछ । सो शब्दले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

झ) **"शिक्षक"** भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ ।

ञ) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापक सम्झनु पर्दछ ।

ट) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

ठ) **"शिक्षा समिति"** भन्नाले नौगाड गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

ड) **"विद्यार्थी"** भन्नाले नौगाड गाउँपालिकाका विद्यालयमा अध्ययनरत विद्यार्थी सम्झनुपर्छ ।

ढ) "विद्यालय" भन्नाले नौगाड गाउँपालिकाका सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद–२

## नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्ने

३. कार्यालयले देहायका विषयहरुको नियमन तथा अनुगमन गर्नेछ।

क) विद्यालयहरुमा नियमित रुपमा यो निर्देशिकाको पालना भए नभएको,

ख) शिक्षक तथा विद्यार्थीहरुको उपस्थितिको अवस्था,

ग) वि.व्य.स. तथा शिक्षक अभिभावक संघ, विषयगत समिति र स्टाफ बैठक बसे नबसेको,

घ) तोकिए बमोजिमको ड्रेस लगाए नलगाएको,

ङ) पाठ्यक्रम अनुसार पठनपाठन भए नभएको,

च) विद्यार्थीहरुको अनुशासनको अवस्था (जस्तैः विद्यार्थीले कपाल रङ्ग्याएको, नङ पालेको, छात्रले कानमा टप लगाएको, छात्रले कपाल पालेको, सरसफाइ,...... आदि),

छ) विद्यार्थीहरु विद्यालय समयमा विद्यालय परिसर वाहिर फेला परे नपरेको,

ज) विद्यालय सरसफाईको अवस्था,

झ) विद्यालयसमयमा विद्यार्थीहरुले मोवाइलफोन बोके नबोकेको,

ञ) विद्यार्थीले विद्यालय परिसर भित्र जङ्कफुड प्रयोग गरे नगरेको,

ट) विद्यालयको आर्थिक कारोवारको अवस्था,

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१



प्रमुख प्रशासकीय अधिकृत

ठ) विद्यालयले ICT ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय, शिक्षक निर्देशिका, पाठ्यक्रमको प्रयोग गरे नगरेको, EMIS Update को अवस्था।

**४. कार्यालयले गर्नुपर्ने अन्य कार्य**

क) शिक्षकहरुलाई प्रत्येक शैक्षिक सत्रमा विषयगत तालिमको व्यवस्था मिलाउने,

ख) शैक्षिक सत्र सुरुभएको ३ महिनापछि शिक्षक सरुवा सहमती नदिने,

ग) शिक्षक रिक्त भएको १ महिना भित्र नयाँ शिक्षक व्यवस्थापन गरिसक्ने,

घ) प्र.अ.सँग प्रत्येक शैक्षिक सत्रको लागि कार्यसम्पादन सम्झौता गर्ने,

ङ) प्र.अ. बैठक प्रत्येक दुई महिनामा कम्तिमा एकपटक अनिवार्य बोलाउने,

च) दफा ३ बमोजिमका विषयहरुको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

## परिच्छेद ३
## विद्यालयले गर्नुपर्ने कार्य

**५. शिक्षा ऐन नियमावलीका अतिरिक्त विद्यालय व्यवस्थापन समितिले देहाय बमोजिमका कार्यहरु गर्नुपर्ने**

क) विद्यालयको नियमितरुपमा अनुगमन गर्नुपर्ने,

ख) प्रत्येक महिनाको पहिलो आइतबार वि.व्य.स.को बैठक बस्नु पर्ने (सो दिन सार्वजनिक बिदा परेमा विद्यालय खुलेको पहिलो दिन),

ग) विद्यालयको भौतिक पूर्वाधारहरुको संरक्षण गर्ने गराउने,

घ) विद्यालय प्रशासनलाई आवश्यक सहयोग गर्ने,

ङ) अभिभावक शिक्षामा जोड दिने,

च) विद्यार्थीको शैक्षिक उपलब्धिको अवस्था बारे छलफल गरी सुधारका लागि पहल गर्ने ।

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**५. शिक्षा ऐन, नियमावलीका अतिरिक्त शिक्षक अभिभावक संघले देहाय बमोजिमका कार्यहरु गर्नुपर्ने**

क) अभिभावक शिक्षामा सहयोग गर्ने,

ख) प्रत्येक तीन महिनाको पहिलो आइतबार बैठक बस्नुपर्ने सो दिन सार्वजनिक बिदा परेमा विद्यालय खुलेको पहिलो दिन,

ग) विद्यार्थीहरुलाई अनुशासनमा राख्न सहयोग गर्ने,

घ) अतिरिक्त क्रियाकलापमा सहयोग गर्ने,

ङ) विद्यार्थीको शैक्षिक उपलब्धिको अवस्था बारे छलफल गरी सुधारका लागि पहल गर्ने।

**६. शिक्षा ऐन, नियमावलीका अतिरिक्त प्र.अ.ले देहाय बमोजिमका कार्यहरु गर्नुपर्ने**

क) नियमित कक्षा अवलोकन गर्ने, (कक्षा अवलोकन फाराम अनुसूची-३ बमोजिम हुनेछ।)

ख) शिक्षकहरुसँग कार्यसम्पादन सम्झौता गर्ने,

ग) शिक्षक तथा विद्यार्थीहरुमा अनुशासन कायम गराउने,

घ) विद्यालय परिसर भित्र सरसफाइ राख्ने व्यवस्था मिलाउने,

ङ) कार्यालयसँग नियमित सम्पर्कमा रहने,

च) शिक्षक तथा विद्यार्थीहरुलाई कारवाहीको लागि सिफारिस गर्ने,

छ) अभिभावकहरुलाई प्रत्येक महिना विद्यार्थीको शैक्षिक उपलब्धिबारे जानकारी गराउने,

ज) पालिकास्तरीय प्र.अ. बैठकमा अनिवार्य रुपमा उपस्थित हुने,

झ) विद्यार्थीको शैक्षिक उपलब्धिको अवस्था बारे छलफल गरी सुधार गर्ने,

ञ) विद्यालय व्यवस्थापन समितिको गठन शैक्षिक सत्र सुरु भएको १ (एक) महिना भित्र गरी सक्ने।

**७. शिक्षा ऐन, नियमावलीका अतिरिक्त शिक्षकले देहाय बमोजिमका कार्यहरु गर्नुपर्ने**

क) पाठ्यक्रम अनुसार शैक्षणिक योजना बनाएर पठनपाठन गर्ने,

ख) प्र.अ.सँग कार्यसम्पादन सम्झौता गर्ने,

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१



प्रमुख प्रशासकीय अधिकृत

ग) विद्यार्थीहरुलाई अनुशासनमा राख्न सहयोग गर्ने,

घ) विद्यार्थीहरुलाई अनुशासनको कारवाहीको लागि प्र.अ. लाई सिफारिस गर्ने,

ङ) विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप गराउने,

च) विद्यालय प्रशासनलाई सहयोग गर्ने,

छ) विद्यार्थी कक्षामा अनुपस्थित भएको जानकारी प्र.अ. र अभिभावकलाई गराउने।

## परिच्छेद ४
## अभिभावक सम्बन्धी व्यवस्था

**८. अभिभावकले देहाय बमोजिमको कार्य गर्नुपर्ने छ।**

क) विद्यालयले बोलाएको बखत अनिवार्यरुपमा विद्यालयमा उपस्थित हुने,

ख) विद्यार्थीहरुलाई अनिवार्यरुपमा विद्यालय पठाउनुपर्ने,

ग) विद्यालय प्रशासनलाई पूर्णरुपमा सहयोग गर्नुपर्ने,

घ) विद्यालयले आयोजना गरेका कार्यक्रमहरुमा अनिवार्य उपस्थित हुनुपर्ने,

ङ) अभिभावकले विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री र विद्यालय पोशाकको अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने।

## परिच्छेद ५
## पुरस्कार, दण्ड र जरिवाना

**९. प्रत्येक शैक्षिक सत्रमा पुरस्कार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।**

क) उत्कृष्ट वि.व्य.स. पुरस्कृत गर्ने,

ख) उत्कृष्ट प्र.अ. पुरस्कृत गर्ने,

ग) उत्कृष्ट शिक्षक पुरस्कृत गर्ने,

घ) प्रत्येक कक्षाको उत्कृष्ट विद्यार्थी पुरस्कृत गर्ने,

ङ) उत्कृष्ट शिक्षक अभिभावक संघ पुरस्कृत गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१०. दण्ड  र जरिवाना सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।**

क) विद्यार्थीसँग  विद्यालय समयमा मोवाइलफोंन फेला परेमा पहिलो पटक रु १०० र दोस्रो पटक रु ५०० तेस्रो पटक फेला परेमा जफत गर्ने।

ख) परिच्छेद २ दफा ३ (च) बमोजिम अनुगमन गर्दा विद्यार्थीले अनुशासनहिन कार्य गरेको पाइएमा पहिलो पटक सचेत गराउने, दोश्रो पटक रु १०० जरिवाना गर्ने तेस्रो पटक भएमा रु ५०० जरिवाना लगाउने चौथो पटक फेला परेमा विद्यालयबाट निस्काशित गर्ने।

ग) विद्यार्थी विद्यालय समय भित्र विद्यालय परिसर भन्दा बाहिर भेटिएमा पहिलोपटक सचेत गराउने दोश्रो पटक रु १००, तेस्रो पटक भेटिएमा रु ५०० जरिवाना गर्ने र चौथो पटक फेला परेमा विद्यालयमा निस्काशित गर्ने ।

घ) विद्यालय अनुगमनको समयमा विद्यार्थी विद्यालय परिसर भन्दा बाहिर भेटिएमा सम्बन्धित विद्यालयको प्र.अ., त्यतिवेलाको विषय शिक्षक र कक्षा मनिटरलाई कार्यालयले लिखित स्पष्टिकरण सोध्ने।

ङ) वि.व्य.स. र शिक्षक अभिभावक संघको बैठक निर्धारित समयावधिमा नबसेमा कार्यालयले लिखित रुपमा स्पष्टिकरण सोध्ने।

च) लिखित जानकारी बिना शिक्षक अनुपस्थित भएमा सो दिन गयल मानि तलब कट्टा गरिने।

छ) लिखित जानकारी बिना विद्यार्थी लगातार ५ दिन अनुपस्थित भएमा अभिभावकलाई जानकारी गराउने र लगातार १० दिन अनुपस्थित भएमा विद्यालयबाट निस्काशित गर्ने।

ज) विद्यालयले अभिभावकलाई विद्यालयमा बोलाएको खण्डमा विद्यालयमा अनुपस्थित भएमा अभिभावकलाई पहिलो पटक सचेत गराउने, दोश्रो पटक रु १००  र तेस्रो पटक अनुपस्थित भएमा रु ५०० जरिवाना लगाउने।

झ) यस निर्देशिका बमोजिम जरिवाना नतिर्ने अभिभावकको नाम विद्यालयले कार्यालयमा लिखित रुपमा जानकारी गराउनुपर्ने छ र कार्यालयले दिने सेवासुविधामा रोक लगाउन सकिने छ।

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ६
## विविध

११. बैशाख देखि असारसम्म बिहान ६:४५ बजे र साउन देखि चैत्रसम्म बिहान ९:४५ बजे विद्यालय खोल्ने र विद्यार्थीको हाजिरी दैनिक रुपमा बिहान र बेलुकी गरी दुई पटक लगाउने ।

१२. विद्यार्थीले पालिका भित्र अनुसूची-३ बमोजिमको समान किसिमको विद्यालय पोशाक (ड्रेस) लगाउनु पर्नेछ। तर हाल प्रचलनमा रहेको विद्यालय पोशाक (ड्रेस) शैक्षिक सत्र २०८२ सम्म लगाउन बाधा पुगेको मानिने छैन।

१३. आधारभूत तह कक्षा ५ र ८ को वार्षिक परीक्षा परीक्षा केन्द्र निर्धारण गरी सञ्चालन गरिनेछ, साथै अन्य कक्षाहरुको हकमा कार्यालयबाट प्रश्नपत्र उपलव्ध गराइने छ।

१४. पालिकास्तरीय परीक्षामा ५० प्रतिशत भन्दा कम नतिजा आएमा प्र.अ.ले लिखित रुपमा कार्यालयमा स्पष्टिकरण पेश गर्नुपर्ने छ।

१५. यस निर्देशिकाको उलङ्घन गर्ने विद्यार्थीको अभिलेख विद्यालयले अनुसूची १ बमोजिम राख्नु पर्ने छ।

१६. जरिवाना रकम अभिलेख राखि विद्यालयको खातामा यथाशीध्र जम्मा गर्नुपर्ने छ।

१७. यो निर्देशिका संघीय प्रदेश र स्थानीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ।

१८. यस निर्देशिकामा हेरफेर गर्नुपरेमा कार्यपालिकाले हेरफेर गर्न सक्नेछ।

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका २०८१

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची- १

## निर्देशिकाको उलङ्घन गर्ने विद्यार्थीको अभिलेख

विद्यालयको नामः ठेगानाः विद्यालयको कोडः

| क्र स | विद्यार्थीको नाम | बुबाको नाम | ठेगाना | कक्षा | कसुर गरेको मिति | यस पूर्व कसुर गरेको मिति | कसुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची- २

विद्यालयको नाम: विद्यालयको कोडः

| क्र स | विद्यार्थीको नाम | अभिभावकको नाम | ठेगाना | कक्षा | विद्यालयमा बोलाएको मिति | यसपूर्व विद्यालयमा बोलाएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

नौगाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०८१



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची- ३

**गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको विद्यालय पोशाक (ड्रेस)**

**ट्र्याक सुटमा पछाडी नौगाड गाउँपालिका र अगाडी गाउँपालिकाको लोगो**

| क्र.सं. | पोशाक | रङ | कैफियत |
|---|---|---|---|
| १ | पाइन्ट | आकाशे निलो | |
| २ | सर्ट | कलेजी | |
| ३ | कोट/ज्याकेट/स्वीटर | आकाशे निलो | |
| ४ | ट्र्याक सुट | लाईट निलो |  |
| ५ | जुत्ता | कालो | |
| ६ | मोजा | सेतो | |
| ७ | झोला | कालो | |
| ८ | टोपी | निलो | |
| ९ | रिवन | सेतो | |
| १० | टाई | निलो सेतो धर्का |  |
| ११ | वेल्ट | कालो | |

नौगाड गाउँपालिकाको शैक्षिक

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत